## मिति २०७९।१२।१४ गते दिउँसो १: ०० बजे बस्ने कार्यपालिका बैठकका प्रस्तावहरु :

१.समीक्षा सम्बन्धमा ।

२.दशौं हिउँदे नगरसभाको तयारी सम्बन्धमा ।

३.बेलायत भ्रमण सम्बन्धि समीक्षा सम्बन्धमा ।

४.नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा ।

५.सहकारी दिवस मनाउने सम्बन्धमा ।

६.सि.सि.क्यामरा मर्मत सम्बन्धमा ।

७.गण्डकी प्रदेश सरकारसंग समपपूरक र विशेष अनुदान माग सम्बन्धमा ।

८.वातावरण कर सम्बन्धमा ।

९.बहुउद्धेश्यिय भवनको भाडादर कायम तथा मर्मत संहार सम्बन्धमा ।

१०.गो.न.पा.वडा नं. ५ को सामूदायिक भवनको मासिक भाडादर कायम सम्बन्धमा ।

११.योजना शंसोधन सम्बन्धमाा ।

१२.निलकण्ठ न.पा.ले उपलब्ध गराएको अनुदान रकमवाट गर्ने कार्यको योजना छनौट सम्बन्धमा ।

१३.निलकण्ठ नगरपालिकालाई आमन्त्रण गर्ने सम्बन्धमा ।

१४.नयाँ डम्पीङ्गसाईडको खोजी सम्बन्धमा ।

१५.क्लीन गोरखाको बेरुजु र निजहरुको माग सम्बन्धमा ।

१६.योजनाहरुको म्याद थप तथा भुक्तानी सम्बन्धमा ।

१७.ई हाजीरी राख्ने सम्बन्धमा ।

१८.खानेपानीको वोर्ड गठन सम्बन्धमा ।

१९.जग्गाको वर्गिकरण सम्बन्धमा ।

२०.वडा नं. ९ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंक परिवर्तन सम्बन्धमा ।

२१. जेष्ठ नागरिक भ्रमण र हात्तिसेरा कुलो मर्मत सम्बन्धमा ।

२२.वडा नं ३ को वडा कार्यालयमा सोलार जडान गर्ने सम्बन्धमा ।

२३.वडा नं. २ को वडा कार्यालयको लगत सहभागिताको रकम सम्बन्धमा ।

२४.वडा नं. १ र २ को समिचौतारा सिउडेनी योजना उपभोक्ता समितिवाट काम गर्ने सम्बन्धमा ।

२५. रकमान्तर सम्बन्धमा ।

२६. कुलो मर्मत सम्वन्धमा ।

२७.यस नगर कार्यपालिकाको विधेयक समिति गठन गर्ने सम्बन्धमा ।

कृष्ण बहादुर राना मगर

Scanned with CamScanner

मिति २०७९।१२।१४ मा भएको कार्यपालिका बैठकको निर्णयहरु:

निर्णय नं १.:

प्रस्ताव नं. १ माथि छलफल गर्दा, यस नगरपालिकाको मिति २०७९।११।११ गते बसेको कार्यपालिका बैठकको निर्णय नं ४ मा ४९ वटा शाखागत योजनाहरु कटौती गरिएको रकम रु १ करोड ३० लाख ८० हजार रकमको सम्वन्धमा आवश्यक सुझावको लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई अनुरोध गर्ने, साथै पृथ्वी जयन्तीमा भएको खर्चको रकम भुक्तानी सम्वन्धमा लेखा समितिको पुन: राय माग्ने निर्णय गरियो ।

निर्णय नं २:

प्रस्ताव नं २ माथि छलफल गर्दा, यस नगरपालिकाको एघारौं हिउँदे नगर सभा मिति २०७९।१२।३० गते विहिबार सम्पन्न गर्ने र सो को सम्पूर्ण तयारी गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:

प्रस्ताव नं. ३ माथि छलफल गर्दा, नगर प्रमुख, उप प्रमुख सहितको ६ सदस्यीय भ्रमण टोलीबाट यस नगरपालिकाको भगिनी सम्वन्ध कायम रहेको बेलायत स्थित रस्मोर बरो काउन्सीलको भ्रमण सफलताकोसाथ सम्पन्न भएको सम्वन्धमा नगर प्रमुखज्यूले जानकारी गराउनु भयो । यस नगरपालिकाको भ्रमण टोलीलाई भव्य स्वागत सहित तहाँ भएको महत्वपूर्ण कार्यहरुको बारेमा जानकारी गराएकोमा रसमोर बरो काउन्सिललाई धन्यबाद दिने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

प्रस्ताव नं. ४ माथि छलफल गर्दा, यस गोरखा नगरपालिकाबाट IEE गरी ठेक्का प्रक्रियामा जाँदा नियमानुसार ठेक्का नलागेका घाट/क्षेत्रहरुबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा) संघ/प्रदेश/स्थानीय तहबाट संचालित योजनाहरुको लागि माग भई आएमा सम्वन्धित वडाको सिफारिस पत्र तथा प्राविधिकको राय/प्रतिवेदन सहित पेश भए पश्चात यस नगरपालिकाको स्वीकृत दररेट अनुसारको राजश्व रकम लिई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

प्रस्ताव नं. ५ माथि छलफल गर्दा, मिति २०७९।१२।२० गते पर्ने राष्ट्रिय सहकारी दिवसको अवसरमा यस न.पा. भित्रका सबै कृयाशिल सहकारी संस्थाका पदाधिकारी, सदस्य र शेयर सदस्यहरु, यस नगरपालिकाका जन प्रतिनिधिहरु तथा कर्मचारीहरु, नागरिक समाजका प्रतिनिधिहरु गो.न.पा. ६ आयुर्वेदिक चोकमा उक्त दिन विहान ७:३० बजे जम्मा भई बजार

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

परिक्रमा गर्दै कबर्ड हल रंगशालामा भेला भई सहकारी सम्बन्धमा प्रस्तुती गराई उक्त दिवस मनाउने निर्णय गरियो ।

निर्णय नं. ६:

प्रस्ताव नं. ६ माथि छलफल गर्दा, जिल्ला प्रहरी कार्यालय गोरखाको च.नं.१२१४, मिति २०७९।११।३० को पत्रानुसार यस नगरपालिका क्षेत्र भित्र जडान गरिएका सि.सि. क्यामराहरु बिग्रीएर प्रयोग विहिन भएको कारण मर्मत संभार गर्नुपर्ने भएकोले उक्त कार्यको लागि चालु तर्फको सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च शिर्षक तर्फको रु. ६० लाख रकमबाट रु. ५ लाख उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.७:

प्रस्ताव नं. ७ माथि छलफल गर्दा, आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश पोखराले आर्थिक बर्ष २०८०।८१ को अन्तर सरकारी वित्त हस्तान्तरण प्रयोजनार्थ माग गरे बमोजिम समपुरक र विशेष अनुदान तर्फ तपसिल बमोजिमको योजना छनौट गरि प्राथमिकता निर्धारण गर्ने निर्णय गरियो ।

समपुरक अनुदान तर्फ:

१. गोरखा क्याम्पस-मान्द्रे ढुंगा-छेपेटार,सडक स्तरोन्नती ,गोरखा नगरपालिका वडा नं ७, १० ।

२. गोरखा क्याम्पस -नाङलेपानी-ठूलो रिप- काफलघारी हुँदै तल्लो आहाले सडक स्तरोन्ती गोरखा नगरपालिका वडा नं ७, ५ र ३ ।

३. मस्याङ्गदी ड्याम- गोर्बुङ -छाकु हुँदै वडा कार्यालय जाने सडक स्तरोन्नती गोरखा नगरपालिका वडा नं. १४ ।

विशेष अनुदान तर्फ:

१.समिचौतारा -छापथोक -थर्पु -कोखे आहाले शिखर सडक स्तरोन्नती गोरखा नगरपालिका वडा नं १ र २ ।

२. दश कि.मी -शिखर-लुँदी सडक स्तरोन्ती गोरखा नगरपालिका वडा नं १२ ।

३. महादेवटारी पार्क निर्माण तथा संरक्षण गोरखा नगरपालिका वडा नं. १० ।

निर्णय नं ८: प्रस्ताव नं ८ माथि छलफल गर्दा, राजश्व परामर्श समितिको मिति २०७९।११।१२ को निर्णय ३ बमोजिमको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर

Scanned with CamScanner

निर्णय नं ९: प्रस्ताव नं ९ माथि छलफल गर्दा, राजश्व परामर्श समितिको मिति २०७९।११।१२ को निर्णय १ बमोजिमको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं १०: प्रस्ताव नं १० माथि छलफल गर्दा, राजश्व परामर्श समितिको मिति २०७९।११।१२ को निर्णय ४ बमोजिमको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ११: प्रस्ताव नं ११ माथि छलफल गर्दा,., वडा स्तरीय तथा नगर स्तरीय योजनाको संशोधन गर्नु परेमा मिति २०७९।१२।३० गते बस्ने नगर सभा बस्नु अघि बस्ने तयारी कार्यपालिका बैठकमा वडा समितिबाट निर्णय गराई योजना शंसोधनको लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १२: प्रस्ताव नं १२ माथि छलफल गर्दा, धादिङ जिल्लाको निलकण्ठ नगरपालिकाले उपलब्ध गराएको अनुदान रकमबाट गोरखा नगरपालिका वडा नं ६ मा रहेको राम शाह चौतारामा राम शाहको मुर्ति राख्ने, ट्रस निर्माण गर्ने लगायतका मर्मत सम्भारका कार्यहरु र वडा नं. ६ स्थित गणेशथान क्षेत्रमा पार्क निर्माण गर्न खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं १३ : प्रस्ताव नं १३ माथि छलफल गर्दा, यस गोरखा नगरपालिकासँग भगिनी सम्वन्ध रहेको धादिङ जिल्लाको निलकण्ठ नगरपालिकालाई आमन्त्रण गर्ने सम्वन्धमा दुवै पालिकालाई उपयुक्त हुने गरी मिति तय गरी गर्ने जिम्मेवारी नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं १४: प्रस्ताव नं १४ माथि छलफल गर्दा, यस गोरखा नगरपालिका क्षेत्रको फोहोर व्यवस्थापन गर्नको लागि गोरखा नगरपालिका वडा नं. १२ र ४ का वडा अध्यक्षलाई उपयुक्त स्थानको खोजी गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १५: प्रस्ताव नं १५ माथि छलफल गर्दा, क्लीन गोरखासँग नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा नं. ७ र १२ का वडा अध्यक्ष सहित रहने गरी सो सम्वन्धमा गर्नुपर्ने आवश्यक विषयहरुको जानकारी लिई आगामी कार्यपालिका बैठक समक्ष जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं १६:

प्रस्ताव नं १६ माथि छलफल गर्दा (क) उपभोक्ता समिति मार्फत क्रमागत योजनाहरु तथा आ.व. ०७९।८० को स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्झौता भई हाल कार्यान्वयन भई सकेका वा भईरहेका योजनाहरुको २०८०.साल जेष्ठ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

ख) गोरखा नगरपालिकामा क्रमागत योजना तर्फ भएको तपसिल बमोजिमका योजनाहरुको यस आ.व. ०७९।८० को दररेट अनुसार ल.ई स्वीकृत गर्ने भनि कार्यपालिकाको निर्णयानुसार कार्यान्वयन भएकोले उल्लेखित योजनाको प्राविधिक मूल्यांकन अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

१. विरिन्चोक बरथोक जाने सडक- विनियोजित रकम रु. १० लाख

२. मेनरोडबाट सहकारी हुँदै विरेडाँडा ढलान- विनियोजित रकम रु. १० लाख

<u>निर्णय नं १७</u>: प्रस्ताव नं १७ माथि छलफल गर्दा, यस न.पा.नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा ३ , १४ वटै वडा कार्यालय तथा १९ वटा स्वास्थ्य संस्थाहरु गरी ३७ वटा कार्यालयहरुमा इ हाजिरी जडान गर्नका लागि चालु तर्फको सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्चबाट स्वीकृत लागत अनुमान बमोजिमको रकम खर्च गरी उक्त कार्य संचालन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं १८</u>: प्रस्ताव नं १८ माथि छलफल गर्दा, गोरखा नगरपालिकाको लागि खानेपानी व्यवस्थापन गर्ने यस नगरपालिकाको विधयेक समितिले खानेपानी व्यवस्थापनको सम्बन्धी विधयेकको प्रारम्भिक मस्यौदा तयार गरी आगामी कार्यपालिका वैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं १९</u>: प्रस्ताव नं १९ माथि छलफल गर्दा, भू उपयोग क्षेत्र वर्गिकरण सम्बन्धमा नापी कार्यालय गोरखाका प्रमुखबाट जानकारी मुलक प्रस्तुती भयो । सो सम्वन्धमा यस नगरपालिकाको भू उपयोग परिषदले आवश्यक नीति तथा योजना बनाई यस सम्वन्धी कार्यक्रम अगाडि बढाउने निर्णय गरियो ।

<u>निर्णय नं २०</u>: प्रस्ताव नं २० माथि छलफल गर्दा,गोरखा नगरपालिका वडा नं ९ को सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई भत्ता रकम भुक्तानी गर्ने बैंक परिवर्तन सम्वन्धमा उक्त वडाको सिफासि बमोजिम बैंक परिबर्तन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं २१</u>: प्रस्ताव नं २१ माथि छलफल गर्दा, मिति २०७९।११।११ गते बसेको कार्यपालिका बैठकको निर्णय नं. ४ बाट कटौती गरिएका शाखागत कार्यक्रमबाट खर्च गर्ने गरी जेष्ठ नागरिक भ्रमणको लागि रु २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं २२</u> : प्रस्ताव नं २२ माथि छलफल गर्दा, गो.न.पा. वडा नं ३ को वडा कार्यालय भवनमा सोलार जडान गर्ने कार्य अगाडि बढाउने र उक्त कामको लागि स्वीकृत लगत अनुमान अनुसारको रकम मिति २०७९।११।११ मा कटौती गरिएका योजनाको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**कृष्ण बहादुर राना मगर**
**नगर प्रमुख**

Scanned with CamScanner

निर्णय नं २३ : प्रस्ताव नं २३ माथि छलफल गर्दा, गो.न.पा.वडा नं २ को वडा कार्यालय भवनमा ट्रस निर्माण गर्ने कार्य गर्दा उपभोक्ता समितिले लागत सहभागिता बापतको रकम सो योजनामा जुटाउन सक्ने अवस्था नदेखिएकोले उक्त रकम समावेश नगरी ल.ई गर्ने निर्णय गरियो ।

निर्णय नं २४: प्रस्ताव नं २४ माथि छलफल गर्दा यस नगरपालिकाको मिति २०७९।११।११ को निर्णय नं १२ को (ग)मा वडा नं १ र २ अन्तर्गत समिचौतारा सिउडेनी वडा कार्यालयमा परेको रु. ५० लाख बजेटको कार्यक्रमको निर्माण कार्य ठेक्का प्रक्रियाबाट काम गर्ने भनिएता पनि उक्त योजना उपभोक्ता समितिबाट गर्ने निर्णय गरियो ।

निर्णय नं २५ : प्रस्ताव नं २५ माथि छलफल गर्दा, नगर प्रमुख कल्याणकारी कार्यक्रममा चालु तर्फको सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्चबाट रु २ लाख रकमान्तर गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २६: प्रस्ताव नं २६ माथि छलफल गर्दा, गोरखा नगरपालिका वडा नं. १२ अन्तरगतको हात्तिसेरा फाँट सिंचाई कुलो मर्मत कार्य गर्न आवश्यक देखिएकोले सो कुलो मर्मत कार्य गर्न आवश्यक देखिएकोले सो कुलो मर्मत कार्यको लागि मर्मत संभार कोषवाट रु ३,५०,०००। (तीन लाख पचास हजार मात्र ) विनियोजन गरी तत्काल मर्मत कार्य अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं २७ : प्रस्ताव नं ३७ माथि छलफल गर्दा, यस नगरपालिकामा देहाय वमोजिमको विधेयक समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक : श्री विष्णु प्रसाद श्रेष्ठ, वडा अध्यक्ष - गो.न.पा. वडा नं. ७

सदस्य : श्री प्रदिप कुवंर, वडा अध्यक्ष - गो.न.पा.वडा नं. १०

सदस्य सचिव: श्री विजय उपाध्याय तिवारी,

सामाजिक विकास शाखा - गोरखा न.पा., नगर कार्यपालिकाको कार्यालय, गोरखा ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner